प्रेस विज्ञप्ती मितिः २०६८/११/२१

# नेपालका थप ४० हजार बायोग्याँस प्लान्ट सिडिएममा दर्ता

वातावरण मन्त्रालय अन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र नेपालमा स्वच्छ विकास संयन्त्र आयोजनाहरुको स्थापना र बिकास गर्ने अग्रणी निकाय बनेको छ। गत फागुन १७ गते संयुक्त राष्ट्रसंघिय जलवायु परिवर्तन सम्बन्धि ढांचाको स्वच्छ विकास संयन्त्र कार्यकारी बोर्डले नेपालका थप दुई बायोग्याँस आयोजनालाई विकास संयन्त्रमा दर्ता गरे पछि केन्द्र अन्तर्गत स्वच्छ विकास संयन्त्रमा दर्ता भएका आयोजनाहरुको संख्या ५ पुगेको छ।

हालै दर्ता गरिएका यि दुई आयोजनाहरुमा सन् २००५ अप्रिल देखि २००७ जुलाई जुलाई सम्मको अवधिमा बनाईएका ४० हजार ६ सय २ बायोग्याँस प्लान्टहरु समावेश छन्। केन्द्रको बायोग्याँस कार्यक्रमको कार्यन्वयनमा गैरसरकारी संस्था बायोग्याँस सेक्टर पार्टनरसिप नेपालले सहयोग गर्दै आएको छ।

यी आयोजनाहरु हालै मात्र दर्ता गरिएको भए पनि नेपालले संयन्त्रमा दर्ता गर्नको लागि निवेदन दिएको सन् २०११ को डिसेम्वर देखि नै लागू भएको मान्यता पाउने छन्। भर्खरै दर्ता गरीएका यी दुई आयोजनाहरु मध्धे एक्टिभिटी ३ मा २० हजार २ सय ५४ प्लान्ट र एक्टिभिटी ४ अन्तर्गत २० हजार ३ सय ४८ प्लान्टले वार्षिक झण्डै १ लाख १३ हजार उत्सर्जन न्यूनिकरण इकाई जारी हुनेछ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यस अघि दुईवटा बायोग्याँस र एक लघुजलविधुत आयोजनाहरुलाई स्वच्छ विकास संयन्त्रमा दर्ता गरिसकेको छ। यस अघि दुईवटा बायोग्याँस आयोजनाको पहिलो प्रमाणिकरणबाट सन् २००४ को अप्रिल देखि सन् २००६ को जुलाई सम्म को ९२ हजार २ सय ७८ उत्सर्जन न्यूनिकरण इकाई जारी भैसकेको छ जुन कम बिकसित मुलुकहरुमा हाल सम्म एकैपटक जारी भएको मध्धे सबैभन्दा धेरै हो। केन्द्र यस अघि दर्ता भएका दुईवटा बायोग्याँस आयोजनाका दास्रो प्रमाणिकरणबाट झण्डैं २ लाख उत्सर्जन न्यूनिकरण इकाई जारी हुने पर्खाईमा छ भने एक अर्को बायोग्याँस आयोजना पनि प्रमाणिकरणको अन्तिम चरणमा रहेकोले छिट्टै दर्ता हुने अपेक्षा गरीएको छ। त्यस्तै सुधारिएको चुलो र सुधारिएको पानी घट्टका एक/एक आयोजना पनि प्रमाणिकरणको क्रममा रहेका केन्द्रले जनाएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यस अघि दर्ता गरिएका दुईवटा बायोग्याँस आयोजनाहरुको उत्सर्जन न्यूनिकरण इकाई बिकि वपत झण्डै १७ करोड रुपैंया प्राप्त गरिसकेको छ।

**बिस्तृत जानकारीको लागिः**

**सनदिप जोशी**
**Carbon Mitigation Program Officer**
**फोन ९८५११३३३२०**

........................................

(कृष्ण चन्द्र पौडेल)

सूचना प्रवाह अधिकृत